जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक १९३ • २०८२ बैशाख २१ गते आईतवार • 4 May 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

सूचना
जनकपुरधाममा
घरभन्दा पनि राम्रो
खाना सहितको कक्षा
८ सम्मको व्यवस्थित
होस्टेलको लागि
सम्पर्क
९८१५८३०६०१

## सरकारद्वारा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको रक्षा र यस विरुद्ध हुने गतिविधि नियन्त्रणमा दृढ रहने संदेश

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २० बैशाख**

संसद्का प्रमुख दुई दल कांग्रेस र एमालेको गठबन्धन सरकारले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको रक्षा र यसविरुद्ध हुने गतिविधि नियन्त्रणमा दृढ रहने सन्देश दिने प्रयास गरेको छ। राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार संघीय संसद्को संयुक्त सदनमा प्रस्तुत गरेको सरकारको नीति तथा कार्यान्वयनमार्फत त्यस्तो सन्देश दिने खोजिएको हो ।



नीति तथा कार्यक्रममा सरकार गणतान्त्रिक व्यवस्थाको रक्षा गर्न दृढ रहेको उल्लेख छ । 'समाजमा बेलाबेलामा प्रकट हुने नकारात्मक सोचको दोहन गरी संविधान र व्यवस्थाप्रति अफवाह फैलाई अराजकता सिर्जना गर्ने पक्षविरुद्ध संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्दै नेपाली जनताको बलिदान, संघर्ष र आन्दोलनले ल्याएको दूरगामी महत्त्वका उपलब्धिको रक्षा गर्न यो सरकार दृढ छ,' नीति तथा कार्यक्रममा भनिएको छ । राजनीतिक आवरणमा देखिएका अराजक गतिविधि प्रतिवाद गर्ने नीति पनि सरकारले लिएको छ । 'संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुदृढीकरण गर्ने, यसका विरुद्ध हुने कुनै पनि प्रकृतिका प्रतिगामी-पुनरुत्थानवादी अराजक गतिविधिको प्रतिवाद गर्ने' नीति तथा कार्यक्रममा उल्लेख छ ।

आफ्ना गतिविधिको प्रतिवाद गर्ने शब्द राखिएकामा राप्रपाले भने आपत्ति जनाएको छ । सरकारले दम्भ देखाउने शैलीका बुँदा त्यसरी राखिएको राप्रपाका सांसद ध्रुवबहादुर प्रधानको भनाइ छ । 'अधिनायकवादी शैलीका कुरा राखेर प्रारम्भका केही बुँदा उल्लेख गरिएका छन्, त्यी आपत्तिजनक छन्, नेपाली नागरिकको मौलिक हक, मानवअधिकारलाई नाघेर कुरा गर्न पटक्कै मिल्दैन भन्ने लाग्छ,' उनी भन्छन्, 'कुनै पनि विचार सरकारको बर्खिलाप छ भने त्यसलाई निस्तेज गर्ने ढंगका शब्द प्रयोग गरिएका छन्, त्यो नीति कार्यक्रममा आउन नपर्ने हो ।' संघीयता कार्यान्वयन र संविधान सहमतिमै संशोधन गर्ने विषयलाई पनि नीति तथा कार्यक्रममा जोड दिइएको छ । 'संविधानको समीक्षा गर्ने, यसका सबल पक्षलाई सुदृढ गर्ने र कार्यान्वयनको क्रममा देखिएका कमीकमजोरी सच्याउन सहमतिका आधारमा संशोधनको प्रक्रिया अगाडि बढाउने' भनिएको छ । यसअघि सत्तापक्षले संविधान संशोधन चाहेजसरी गर्ने भनिँदै आएकामा नीति तथा कार्यक्रममा सहमतिका आधारमा मात्र अघि बढ्ने उल्लेख गरिएको हो । एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वमा सरकार गठनका क्रममा गरिएको ७ बुँदे सहमति कार्यान्वयन पनि सरकारको नीति तथा कार्यक्रममा परेको छ । २०८१ असार १७ मा भएको सहमतिअनुसार सरकार गठन भए पनि अन्य बुँदा कार्यान्वयन गर्न तदारुकता नदेखिएको भन्दै गठबन्धनभित्र विरोधका स्वर उठ्न थालेको अवस्थामा नीति तथा कार्यक्रममा सहमति कार्यान्वयनलाई जोड दिइएको हो । सरकारमाथि आर्थिक अवस्थामा सुधार ल्याउन नसकेको, भ्रष्टाचार नियन्त्रण र दण्डहीनताको अन्त्य गर्न नसकेको भन्दै सार्वजनिक रूपमा प्रश्न उठिरहेका छन् । नीति तथा कार्यक्रमको सुरुवातमै यी विषयमा प्रतिबद्धता जनाइएको छ । 'प्रत्येक नेपालीलाई आफ्नो इतिहास र स्वाभिमान, संघर्ष र बलिदान, परिवर्तन र उपलब्धिप्रति गौरव बोध गराउन, जनतामा राज्यप्रति थप आशा र भरोसा पैदा गर्न, आर्थिक गतिशीलता बढाउन, भ्रष्टाचार नियन्त्रण गर्न र दण्डहीनता अन्त्य गर्न यो सरकार प्रतिबद्ध छ,' नीति तथा कार्यक्रममा भनिएको छ । माओवादी उपमहासचिव वर्षमान पुनले भने संविधान संशोधन र व्यवस्थाको रक्षाबारे नीति तथा कार्यक्रममा उल्लेख गरेका विषय राम्रा भए पनि काम हुने आधार नदेखिएको टिप्पणी गरेका छन् ।

## नेकपा एसद्वारा ५२ सूत्रीय मांग सहित बुझायो ज्ञापनपत्र

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २० बैशाख**



नेकपा (एकीकृत समाजवादी) पार्टीले मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहलाई मधेश प्रदेशको शिक्षा, स्वास्थ्य कृषि, सडक पूर्वाधारसहितका क्षेत्रमा देखिएका समस्या समाधानका लागि ५२ सूत्रीय मागसहितको ज्ञापन्नपत्र बुझाएको छ । नेकपा (एकीकृत समाजवादी) पार्टीका मधेश प्रदेश इन्चार्ज धर्मनाथ साहको नेतृत्वमा शुक्रबार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय मधेश प्रदेश पुगेका सो पार्टीका नेता कार्यकर्ताले पार्टीको केन्द्रीय परिपत्र अनुसार मधेश प्रदेशको वर्तमान अवस्थाको सुधारका लागि मुख्यमन्त्रीलाई ज्ञापनपत्र बुझाएको बताएका छन् ।

ज्ञापनपत्र बुझ्दै मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले प्रदेश सरकार तदारुकताका साथ जनताको हितमा काम गर्दै आएको भन्दै नेकपा (एकीकृत समाजवादी) पार्टीले सुझावसहित दिएको ज्ञापनपत्रले प्रदेश सरकारलाई काम गर्नमा मद्दत पुग्ने बताउनुभयो । उहाँले केही महत्वपूर्ण सङ्घीय कानुन निर्माण नभएका कारण प्रदेश सरकारले कानुन निर्माण गरेर पनि कार्यान्वयन गर्न नसकेको बताउनुभयो । उहाँले शिक्षा, स्वास्थ्यको क्षेत्रमा देखिएका समस्या समाधानका लागि प्रदेश सरकारले अभियान सञ्चालन गरी सुधार गर्ने बताउनुभयो । नेकपा (एकीकृत समाजवादी) पार्टीले मुख्यमन्त्रीलाई बुझाएको ज्ञापनपत्रमा सबैलाई आधारभूत स्वास्थ्य उपचार निःशुल्क गर्दै १८ वर्षमुनि र ६० वर्षमाथिका मधेश प्रदेशवासी नागरिकलाई सबै प्रकारको स्वास्थ्य सेवा निःशुल्क गर्ने कार्यक्रम लागु गर्न, मधेश प्रदेशभित्र शिक्षामा जनताको समान पहुँच कायम गर्न, मधेश प्रदेशमा स्थापित कृषि विश्वविद्यालयलाई आधुनिकीकरण गरी दक्ष जनशक्ति उत्पादन गर्न, मधेश प्रदेशको यातायात सुविधालाई व्यवस्थित गर्नका लागि सडकलाई स्तरोन्नति गर्न, भाषा र संस्कृतिलाई उजागर गर्ने गरी पर्यटकीय स्थलको विकास गर्नुपर्ने सहितका माग गरिएको छ ।

चन्द्रपुर समाचारदाता प्रवीण कुमार शर्माका अनुसार शुक्रबार नै नेकपा (एकीकृत समाजवादी) रौतहट जिल्ला कमिटीले जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन् । 'सुशासन र रोजगारी, समाजवादको तयारी' नाराका साथ विभिन्न १९ बुँदे माग राख्दै जिल्ला प्रशासन कार्यालय रौतहटमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका हुन् ।




GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open !
+2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence


समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

www.jaleshwortoday.com

जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि



## सम्पादकीय..................

# सबैमा हेक्का गराउन जरुरी

*नेपालको संविधानले प्रत्याभूत गरेका ३३ मौलिक अधिकारमध्ये धारा २७ मा उल्लेख गरिएको सूचनाको हक पनि एक हो । यसले नागरिकलाई सार्वजनिक सरोकारका विषयमा सुसूचित हुने अधिकार प्रत्याभूति गरेको छ । यो अधिकारबारे संविधानमा प्रस्ट भनिएको छ : प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने छ । यस प्रावधानले नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँचको अधिकार प्रदान गर्छ। अर्थात् सूचनाको हक भन्नाले नागरिकले सार्वजनिक निकायमा रहेका सूचना माग्ने र प्राप्त गर्ने अधिकारलाई जनाउँछ ।*

*संविधानमा नै प्रस्ट शब्दमा उल्लेख गरिएको नागरिकको यो मौलिक अधिकारले हरेक नागरिकलाई सूचनाप्रतिको सचेतना मात्र बढाउँदैन, राज्य एवं गैर राज्य पक्षका सार्वजनिक निकायका गतिविधिमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न मद्दत गर्छ । यसले लोकतान्त्रिक शासन प्रणालीलाई सुदृढ बनाउँछ । लोकतन्त्रप्रति नागरिक आस्था र विश्वासलाई अझ सुदृढ गर्छ । सूचनाको हकको कार्यान्वयनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले नागरिकलाई सार्वजनिक निकायमा रहेका सूचना माग्ने र प्राप्त गर्ने प्रक्रियालाई कानुनी रूपमा व्यवस्थित गरिएको छ ।*

*यो ऐनले सूचनाको हकलाई परिभाषित गर्दै नागरिकको सूचनाको अधिकार, सार्वजनिक निकायको दायित्व र सूचना माग्ने प्रक्रियालाई स्पष्ट पारेको छ । यी अधिकारको प्रत्याभूति दिलाउनका लागि राष्ट्रिय सूचना आयोग गठन व्यवस्था गरिएको छ । आयोगलाई सूचना दिनेको अधिकार संरक्षण गर्ने र सूचना दिन आनाकानी गर्नेलाई सूचना दिन बाध्य गर्ने अन्यथा कानुनी कारबाही गर्न सक्ने गरी अधिकार दिएको छ । भ्रष्टाचार न्यूनीकरण गर्दै सुशासनको प्रवर्धन मार्फत लोकतन्त्रको सुदृढीकरण गर्ने सन्दर्भमा सूचनाको हक सबभन्दा महत्वपूर्ण औजार बन्न सक्छ भन्ने हेक्का सबैमा गराउन जरुरी छ ।*

# २२५ किलो लागुऔषध गाँजा लोड गरिएको ट्र्याक्टरसहित ४ जना पक्राउ



**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, २० बैशाख**

बारा आदर्श कोतवाल गाउँपालिकाबाट प्रहरी गस्ती टोलीले २२५ किलो लागुऔषध गाँजा लोड गरिएको ट्र्याक्टरसहित ४ जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा ट्र्याक्टर चालक आदर्शकोतवाल ३ बाँतरा बस्ने वर्ष ३० को नन्दकिशोर मुखिया बिन, गाँजा तस्करहरू हेटौंडा नगरपालिका ४ बस्ने वर्ष २१ को कमाण प्रजा, मकवानपुर कैलास गाउँपालिका ४ देवतिस बस्ने वर्ष २४ को सिताराम प्रजा ,मकवानपुर बकैया गाउँपालिका ५ छतिवन बस्ने वर्ष २२ को नवराज मगर रहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता डिएसपी विजयराज पण्डितले रातोपाटीलाई बताए।

आदर्शकोतवाल ३ बाँतरा गाउँ छेउ खेतमा पार्किङ गरी राखेको प्र.२-०३-००१त ४८७६ नं. को ट्र्याक्टरको ढालामुनि फल्स बटन बनाई गाँजा लुकाई छिपाई राखिएको छ भन्ने प्रहरीलाई गोप्य सूचना प्राप्त भएको थियो। लगत्तै शुक्रवार साँझ इलाका प्रहरी कार्यालय बारागढी बाट इन्स्पेक्टर कुसुम नायकको कमान्डमा खटिएको प्रहरी टोलीले चेकजाँच गर्दा ट्र्याक्टरको ढालामुनि फल्स बटन बनाइएको ठाउँमा प्लास्टिकले बेरिएको गाँजा १५ वटा काटुनमा २२५ किलोग्राम बरामद गरेको थियो । गाँजा र ट्र्याक्टरसहित चालक नन्दकिशोर मुखिया बिनलाई नियन्त्रणमा लिई सोधपुछ गर्दै जाँदा थप ३ जनाको संलग्नता रहेको देखिएको थियो। प्रहरीले कोल्हवी बजार स्थितमा रोज उड होटेलको कोठा नम्बर ३०३ मा छापामारी गाँजा तस्कर तीनैजनालाई पक्राउ गरेको थियो। बरामद गाँजा, ट्र्याक्टरसहित चारैजना जिल्ला प्रहरी कार्यालय बाराको नियन्त्रणमा रहेको तथा थप अनुसन्धान भइरहेको प्रहरीको सूचनामा उल्लेख गरिएको छ । बारा प्रहरी प्रमुख एसपी सन्तोष तामाङको निर्देशनमा प्रहरीले सञ्चालन गरेको लागुऔषध कारोबार नियन्त्रण अभियान निकै प्रभावकारी देखिएको जानकारहरूले बताएका छन्।

# ८५ वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई सम्मान



**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, २० बैशाख**

रौतहटको माधवनारायण नगरपालिकाले ज्येष्ठ नागरिकलाई सम्मान गरेको छ । शुक्रबार एक कार्यक्रम बिच नगरपालिकाको नौ वटै वडाभित्र रहनुभएका ८५ वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई सम्मान गरिएको नगर प्रमुख बैजनाथप्रसाद यादवले बताउनुभयो। हाम्रो अभिभाक हाम्रो पहिचान नाराका साथ १४० जना ज्येष्ठ नागरिकलाई सम्मान गर्न पाउँदा खुशीको अनुभूति भएको नगर प्रमुख यादवले बताउनुभयो।

ज्येष्ठ नागरिकको साथमा स्थानीय सरकार रहेको आभास दिलाउन ज्येष्ठ नागरिक सम्मान कार्यक्रमअन्तर्गत झुल, साल, बिस्कुट, च्यवनप्रास तथा इमरजेन्सी लाइट वितरण गरिएको प्रमुख प्रशाकीय अधिकृत नागेन्द्र राय यादवले जानकारी दिनुभयो। वडा नं. २ का रामसागर देवी यादवले आफ्नो जीवनमा पहिलो चोटि सम्मानित भएकोमा नगरपालिकालाइ धन्यवाद ज्ञापन गर्नुहुँदै आउँदा दिनमा समेत नगरपालिकालाइ ज्येष्ठ नागरिक लक्षित कार्यक्रमलाइ निरन्तरता दिन सुझाव दिनुभयो।


## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।
– खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग मिल्ने ।
– आवासको व्यवस्था गर्न सजिलो हुने ।
– व्यक्तिगत घटना दर्ताका लागी सम्बन्धीत वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक वडा पत्रमा अध्ययन गरौं ।

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सर्लाही, मधेश प्रदेश नेपाल


## तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने
वृष: अनावश्यक चिन्ता
मिथून: शुभ कार्यको शुरुवात
कर्कट: अनावश्यक खर्चको संभावना
सिंह: लामो यात्राको योग छ
कन्या: पिछडेको साथी मिल्ने
तुला: खानपानमा समस्या आउने
वृश्चिक: विचार गरेर बोल्नुहोला
धनु: पढाईमा ध्यान दिनुपर्ने
मकर: मित्रतामा फाटो आउने
कूम्भ: मनमा पछुतो आउने
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

**जलेश्वर**

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

**जनकपुर**

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# व्यापार युद्ध: अमेरिकाले चीनबाट आउने कम लागतका सामानमा पनि लगायो भन्सार

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २० बैशाख



संयुक्त राज्य अमेरिकाले चीनबाट आयात हुने ८०० अमेरिकी डलरभन्दा कम मूल्यका सामानमा भन्सार छुटको शुक्रबारदेखि अन्त्य गरेको छ। यसले शिन र टेमुजस्ता लोकप्रिय ई-कमर्स साइटहरूलाई ठूलो धक्का पुर्याएको छ।

ह्वाइट हाउसले चीनबाट संयुक्त राज्य अमेरिकामा ‘सेमीसिन्थेटिक ओपिओइड्स’ भनिने एक प्रकारको लागू पदार्थको अवैध प्रवाहका कारण उत्पन्न भइरहेको स्वास्थ्य आपतकालीन अवस्थाको सामना गर्न महत्वपूर्ण कदम भएको बताएको छ। शुक्रबारदेखि व्यावसायिक रूपमा ढुवानी हुने सामानमा अब १४५ प्रतिशतको नयाँ कर लाग्नेछ, जुन चीनबाट आउने सामानमा लगाइएको करको हालको स्तर हो। अमेरिकी हुलाक सेवामार्फत पठाइने वस्तुहरूमा उनीहरूको मूल्यको १२० प्रतिशत वा १०० डलरको शुल्क लाग्नेछ, जुन अर्को महिना २०० डलरमा वृद्धि हुनेछ।

न्यूनतम वस्तुसँग सम्बन्धित (डे मिनिमिस) छुटको उन्मूलनले अब कम मूल्यको आयातलाई पनि करको अधीनमा राख्नेछ,” अमेरिकी संस्था इवाईका प्रमुख अर्थशास्त्री ग्रेगरी डाकोले ग्राहकहरूका लागि जारी हालैको सूचनामा लेखेका छन्। विश्वका दुई ठूला अर्थतन्त्र भएका अमेरिका र चीनबीच बढ्दो व्यापार युद्धको यो पछिल्लो कदम हो। ह्वाइट हाउसले चीनबाट आउने अटोमोबाइल्स, स्टिल र आल्मुनियमलगायत विभिन्न क्षेत्रमा २५ प्रतिशत थप कर लगाएको छ।

त्यसको जवाफमा बेइजिङले अमेरिकी आयातमा १२५ प्रतिशत कर लगाएको थियो।

# एउटा सिनमा २२ टेक दिनुपर्दा वर्षालाई ज्वरो..

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २० बैशाख



अभिनेत्री वर्षा सिवाकोटीले फिल्को फिल्म निर्माणका क्रममा भएको एउटा रमाइलो घटना सार्वजनिक गरेकी छन्। बिहीबार फिल्मको प्रिमियर शो पछि सञ्चारमाध्यमसँग कुरा गर्दै उनले एउटा सिनका लागि २२ टेक दिएको र त्यसपछि आफू बिरामी नै भएको बताइन्। फिल्ममा एउटा रुनुपर्ने सिन रहेको थियो।

उक्त सिन एक टेक गर्न पनि गाह्रो रहेकोमा २० देखि २२ टेकसम्म लिएको बताइन्। त्यसपछि आफूलाई एकदमै गाह्रो भएर ज्वरो नै आएको उनको भनाइ छ। उक्त सिन सुटिङपछि बिरामी जस्तै भएकोले आफूले आराम लिएको उनले बताइन्। ‘निर्देशक यादव भट्टराई सर एउटा यस्तो मान्छे जबसम्म आफूलाई चित्त बुझ्दैन तबसम्म ठिक छ भन्नुभएन’ उनले भनिन्। पछिल्लो समय फिल्ममा कथा मुख्य विषय बनेर आइरहेको उनको भनाइ थियो। आफू फिल्म साइन गर्दा कथा हेर्ने बताउँदै उनले सक्षम र सफल निर्माण टिमबाट प्रस्ताव आइसकेपछि फिल्कोमा त्यति धेरै समस्या नभएको उनले बताइन्।

फिल्कोमा वर्षाले अहिलेसम्म नगरेको आमाको भूमिका निभाएकी छन्। तर आफ्ना लागि टिम र कथा मुख्य भएकाले आमाको भूमिकामा पहिलोपटक फिल्कोमा खेल्न तयार भएको उनले बताइन्। फिल्कोमा काम गर्दा चुनौतीपूर्ण भएपनि आफूले अहिलेसम्म गरेका चलचित्रमध्ये निर्देशक भट्टराईले आफूबाट सबैभन्दा बढी काम निकाल्न सफल भएको उनको भनाइ थियो। फिल्कोपछि वर्षाले छक्का पञ्जा ५ मा काम गरेकी थिइन्। उक्त सेटमा फिल्कोमा सिकेका र सिकाइएका कुराहरूका कारण सजिलो भएको उनले बताइन्।

उनले भनिन् ‘फिल्कोले मेरा कमीकमजोरी औंल्याइदिएको थियो। एक कलाकारका लागि यो सबैभन्दा महत्वपूर्ण कुरा हो। कतिपय चलचित्रमा हाम्रा गल्तीहरू यत्तिकै ढाकछोप भइरहेको हुन्छ। तर उहाँ (भट्टराई) यस्तो एउटा मेकर, एकदमै गाह्रो भए पनि काम पर्फेक्ट नभएसम्म निरन्तर लाग्नुहुन्थ्यो।’

# फेरी उकालो लाग्दै अमेरिकी डलर, कति छ अन्य विदेशी मुद्राको मूल्य ?



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २० बैशाख


नेपाल राष्ट्र बैङ्कले शनिबार आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। निर्धारित विनिमयदर अनुसार अमेरिकी डलर एकको खरिददर १३५ रूपैयाँ ०४ पैसा र बिक्रीदर १३५ रूपैयाँ ६४ पैसा कायम भएको छ।

यस्तै, युरोपियन युरो एकको खरिददर १५३ रूपैयाँ १३ पैसा र बिक्रीदर १५३ रूपैयाँ ८१ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिददर १७९ रूपैयाँ ५५ पैसा र बिक्रीदर १८० रूपैयाँ ३५ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १६३ रूपैयाँ ९१ पैसा र बिक्रीदर १६४ रूपैयाँ ६४ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ८६ रूपैयाँ ९१ पैसा र बिक्रीदर ८७ रूपैयाँ ३० पैसा, क्यानेडियन डलर एकको खरिददर ९७ रूपैयाँ ७१ पैसा र बिक्रीदर ९८ रूपैयाँ १४ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०४ रूपैयाँ १९ पैसा र बिक्रीदर १०४ रूपैयाँ ६६ पैसा निर्धारण गरिएको नेपाल राष्ट्र बैंकले जनाएको छ। त्यस्तै, केन्द्रीय बैंकले जापानी येन १० को खरिददर नौ रूपैयाँ ३५ पैसा र बिक्रीदर नौ रूपैयाँ ३९ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रूपैयाँ ५७ पैसा र बिक्रीदर १८ रूपैयाँ ६५ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रूपैयाँ ०१ पैसा र बिक्रीदर ३६ रूपैयाँ १७ पैसा, कतारी रियाल एकको खरिददर ३७ रूपैयाँ ०५ पैसा र बिक्रीदर ३७ रूपैयाँ २१ पैसा तोकेको छ। केन्द्रीय बैङ्का अनुसार थाई भाट एकको खरिददर चार रूपैयाँ ०९ पैसा र बिक्रीदर चार रूपैयाँ ११ पैसा, युएई दिराम एकको खरिददर ३६ रूपैयाँ ७७ पैसा र बिक्रीदर ३६ रूपैयाँ ९३ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रूपैयाँ ६९ पैसा र बिक्रीदर ३१ रूपैयाँ ८३ पैसा निर्धारण भएको छ।

यसैगरी, साउथ कोरियन वन १०० को खरिददर नौ रूपैयाँ ६५ पैसा र बिक्रीदर नौ रूपैयाँ ६९ पैसा, स्विडिस क्रोनर एकको खरिददर १३ रूपैयाँ ९९ पैसा र बिक्रीदर १४ रूपैयाँ ०६ पैसा र डेनिस क्रोनर एकको खरिददर २० रूपैयाँ ५२ पैसा र बिक्रीदर २० रूपैयाँ ६१ पैसा तोकिएको छ।

# शीर्ष पाँचलाई चर्को प्रतिस्पर्धा

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २० बैशाख



लिभरपुलले इंग्लिस प्रिमियर लिग फुटबलको उपाधि जितिसकेको छ अनि रेलिगेसनमा पर्ने तीन टिमको पनि निधो भइसकेको छ। तर अंकतालिकाको शीर्ष पाँच स्थानमा रहने टिमका लागि भने चर्को प्रतिस्पर्धा अझै कायम छ।

म्यानचेस्टर सिटी एक समय सिजनको मध्यतिर खराब प्रदर्शनबाट गुज्रेको थियो, त्यसैले टोलीको उपाधि रक्षाको अभियान पनि सकिएको थियो। अहिले कम्तीमा सिटीले अर्को सिजन युरोपेली च्याम्पियन्स लिग खेल्न पाँच टिममध्ये एक हुने लगभग निश्चित जस्तै भइसकेको छ। सिटीका लागि यो सिजन उतारचढावपूर्ण नै रह्यो भन्दा हुन्छ। कम्तीमा च्याम्पियन्स लिगमा छनोट टोलीको सफलता मानिनेछ। यसको सबैभन्दा ठूलो परीक्षा उल्भसको हातबाट हुनेछ। उल्भस त्यही टिम हो, जो सबैभन्दा उत्कृष्ट लयमा छ। अंक तालिकाको पुछारमा भने साउथह्याम्पटन त्यस्तो एउटा प्रदर्शनबाट बच्न प्रयासरत छ, जसलाई कुनै पनि टिमको सबैभन्दा खराब प्रदर्शनको इतिहास मानिनेछ। यो सप्ताहन्त हुने खेलअघि दुई त्यस्ता तथ्यको विश्लेषण गर्ने प्रयास गर्नेछौं, जसलाई चर्चाको विषय मान्न सकिन्छ।

खराब प्रदर्शनबाट जोगिने अवसर: गत सप्ताहन्त साउथह्याम्पटन फुलहमविरुद्ध बराबरीबाट केही सेकेन्डमात्रै टाढा थियो।






# जीवन-अनुभव र कलादृष्टि



\- खगेन्द्र संग्रौला

-कुइनेटामय जीवनमा मलाई घुमाइफिराई मार्क्सवाद निकट पुऱ्याउने तत्त्व अनेक थिए। तथापि मूलतः मेरो आफ्नै जीवन-अनुभव थियो। मेरो मानसमा सेरोफेरोको विषम परिस्थितिको प्रभाव र दबाब थियो। वक्र जीवनपथका अनेक संयोग र वियोग थिए। जीवनका गुत्थीहरूको गूढ रहस्य बुझ्न खोज्ने दुर्दम जिज्ञासा थियो। र, जीवनको धुमिल गोरेटोमा उज्यालो खोज्ने मेरो तीव्र उत्कण्ठा थियो। नित्य घर्षणमय यात्रामा जीवनको अर्थ र प्रयोजन बुझ्दै र गम्दै जाँदा मार्क्सवाद बन्यो मेरो जीवनदृष्टि र मेरो कलादृष्टि पनि। म सानो छँदा गाउँमा दुइटा आक्रामक चिजको भयकारी उपस्थिति थियो। ती थिए– जन्तरे बाबैको घोडा र उनै बाबैको भोटे कुकुर।

ती दुई भयावह प्रणी मेरा लागि अपमान, आतङ्क र असमानताका साक्षात् विम्ब थिए। तिनका नजिक पुग्दा मेरो अस्तित्व डरले काम्थ्यो। अस्तित्व रक्षा हेतु ममा ईख र प्रतिरोधको भावनाले जन्म लियो। पछिल्तिर फर्केर गम खाँदा लाग्छ, घोडा र कुकुरको यो विम्बमा मेरा गाउँको सामाजिक संरचना र त्यसबाट निर्मित सामाजिक सम्बन्धको सार प्रतिबिम्बित भएको रहेछ। जन्तरे बाबैका घोडा र कुकुर सम्पन्नताका प्रतीक थिए र साथसाथै ती थिए तामस र उत्पीडनका प्रतीक पनि। एकताका मेरा बाको पनि लघु आकारको घोडा थियो। त्यो घोडा हाम्रो आर्थिक औकातको यथार्थपरक प्रतीक होइन, बाको लघुताबोधलाई ढाकछोप गर्ने तामसी आवरण थियो। हाम्रो ठुलो परिवारमा अनिकाल लाग्दा घोडा बेचेर खाइयो र जेनतेन प्राण धानियो। घोडाको अवसानसँगै बाको पञ्चायन पूजामा सुस्ती र उदासीनता देखापऱ्यो। र, पूजाआजाको त्यो उपक्रम बाको ईश्वरप्रतिको आस्थाको अभिव्यक्ति होइन, आदतको अभिव्यक्ति मात्र भयो। गरिबी र अभावको चपेटामा परेर बाको ईश्वरको पनि अवसान भयो। यसरी पुर्ख्यौली उत्तराधिकारमा मलाई न घोडा हात लाग्यो, न ईश्वर। त्यसैले सहाराहीन जीवनमा मार्क्सवाद बन्यो मेरो जिउने र जगत्सित क्रिया-प्रतिक्रिया गर्ने सशक्त सहारा। प्रचलित संस्कृतिमा ठुलाबडासँग सानाले संवाद, विवाद वा प्रतिवाद नगर्नु सोमत र मर्यादाको अकाट्य मानक थियो। मेरो जीवनको सन्नाटा निसासलाग्दो थियो। त्यो सन्नाटाबिच घोडाको घण्टी र बाको पञ्चायन पूजाको घण्टको आवाज मेरा लागि प्रिय थिए। त्यसो त बाको कोमल गीताका श्लोकहरूको लयबद्ध वाचन पनि मेरा लागि कम्ता प्रिय थिएन। संगीत र कलाप्रतिको मेरो अनुरागको प्रारम्भिक प्रेरणाश्रोतः मेरो जीवनको टिठलाग्दो सन्नाटा भङ्ग गरिदिने विविध प्रकारका तिनै लयात्मक ध्वनिहरू पो हुँदा हुन् कि?

कलालाई जडता र रूढिबाट बचाउने रचनात्मक काइदा हो यो। तर प्रयोगको नाउँमा जीवन-यथार्थलाई उपेक्षा गर्नु, सामाजिकतालाई तिलाञ्जली दिनु र तिलस्ममा रम्नु केवल टपर्टुइँयापन हो। त्यो पाठकसँग गरिने छल हो। तेह्रथुम जिल्लाको आठराई, चुहानडाँडामा म पहिले विद्यालय र पछि कलेजको छात्र भएँ। तिनताक त्यस भेगमा दार्जिलिङे आयामेली आन्दोलनको प्रभाव फेसनका रूपमा फैलिएको थियो। आयामेली कलादृष्टि मेरो बोध क्षमता बाहिरको कुरा थियो। त्यसैले आयामेली क्लिष्ट शैलीले ममा खासै आकर्षण जगाएन। तथापि आयाम-प्रेरित साहित्यिक कार्यकलापले भने साहित्यको अध्ययन र लेखनप्रति ममा गहिरो अभिरुचि जगाइदिए।

कुरा विक्रमाब्दको बीसको दशकको हो। ज्ञानको प्रकाश र जीवनको अग्रपथको खोजीमा राजधानी काठमाडौं आएँ म। काठमाडौंमा मेरा आँखामा धावा बोल्ने पहिलो दृश्य हिप्पी थियो। पछि थाहा पाएँ– हिप्पीहरू रहेछन् भौतिक सम्पन्नता र आत्मिक रिक्तताबिचको अन्तर्विरोधबाट जन्मेका पुँजीवादका असन्तुष्ट सन्ततिहरू। जीवन जिउनुको सार्थक प्रयोजनबाट च्युत भई दिग्भ्रमित भएका रहेछन् ती। ती दिग्भ्रमको नशामा लठ्ठ भई अराजक जीवनशैली अँगालेर शान्तिको खोजीमा नेपाल आएका रहेछन्।

हिप्पीलाई झल्ला वेशभूषा धारण गर्न, खुला डबलीमा गाँजा उडाउन र परम्परागत नैतिक मूल्यलाई उपहास गर्दै उन्मुक्त मैथुनका भावभङ्गिमा प्रदर्शन गर्न छुट थियो। निरङ्कुश व्यवस्थासँग भिन्न मत राख्न आँट गर्ने प्रजालाई बाहु बलले दमन गर्न व्यवस्थाका प्रिय पुत्र मण्डलेहरू स्वतन्त्र थिए। स्वतन्त्र चिन्तन र अभिव्यक्ति स्वतन्त्रता भने पूर्ण रूपमा बन्धित थियो। सामाजिक परिवर्तन र प्रगतिका सपनामाथि वंशतन्त्रको कठोर निषेधाज्ञा थोपरिएको थियो। जगत्लाई देखाउनकै लागि केही शैक्षिक र प्राज्ञिक प्रतिष्ठानहरू थिए। तर विवेक, प्रज्ञा र सिर्जनशीलता मण्डलेतन्त्रको सिकार भएका बेला थियो त्यो। त्यो निरङ्कुश कालखण्डको आदर्श नायक थियो दमनतन्त्रकोको औजाररूपी उद्दण्ड मण्डले। असनको साँढेतुल्य मण्डले द्रुततर गतिमा परिपक्व भइरहेको बेला थियो त्यो। राष्ट्रिय परिवेश अतिशय जड र निसासलाग्दो थियो। निसासमय त्यो सन्नाटामा देशदेशावरका विद्रोह, विप्लव र क्रान्तिका घटना युवाहरूका प्रेरणाका उमङ्गमय कारक त हुने नै भए। उत्तरी चीनमा जनव्यापी क्रान्तिको द्वार खुलेको थियो। क्रान्तिको आखेटमा परी राजा र बास्सा, जर्नेल र सुन्दरी एवं मन्त्री र ठालुहरू इतिहासको रङ्गमञ्चबाट भाग्दै थिए। दक्षिणको सानो देश भियतनामको आँगनमा अमेरिकी मिचाहाको ताण्डव चलिरहेथ्यो। जागेका भियतनामी जनता त्यो ताण्डवविरुद्ध ज्यान हत्केलामा राखेर जुध्दै थिए।। निकट भारतको नक्सलबाडीमा किसान विद्रोहको आगो दन्केको थियो। त्यो जाज्वल्यमान् आगोको निशाना थियो निर्मम जिम्दारी शोषण। कटु सत्य के हो भने असंख्य मानिसका अवसरलाई अपहरण गरी मैले यी यावत् सुविधा भोग गर्न पाएको हुँ। त्यसैले मेरो लेखनमा प्रतिविम्बित गरिब, दलित, बालक र महिलाहरूप्रतिको सहानुभूति र समभाव मेरो पश्चातापको अभिव्यक्ति र प्रायश्चितको स्वीकारोक्ति हो। त्यसो त यो मेरो विवेकले रोजेको दायित्व र कर्तव्य पनि हो।

नेपालका सुस्ता र महेशपुरमाथि दिल्लीवासी दादाका गिद्धदृष्टि परेका थिए। र, नेपालको उत्तरी चेकपोस्टमा तैथान भारतीय सेनाका टुकडीहरू। छिमेकी बडे दादाको हेपाइ र मिचाइविरुद्ध वाम युवा पाखुरा सुर्किंदै सडकमा ओर्लिएका थिए। नेपाली इतिहासको त्यो कालखण्ड साहित्यका विद्यार्थीका लागि रोचक र रोमाञ्चक त थियो नै, निकै उर्बर पनि थियो। नेपाली साहित्यमा चिन्तन र सिर्जनाका अनेक वाद र प्रवृत्ति चल्तीमा थिए।

सांभार : रातोपाटी।





अनुरोधकर्ता
कमला नगरपालिका
धनुषा, मधेश प्रदेश

पत्रिका/पेपर
कम्प्यूटराईज गराउन सम्झनुहोस।



सम्पर्क –: ढिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला











अनुरोधकर्ता
जनकनन्दनी गाउंपालिका
धनुषा, मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday